**आकाशवाणी समाचार- नेपाली**

मितिः १० मई २०२५

समयः ०७.२५ - ०७.३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

१. पाकिस्तानसँगको नियन्त्रण रेखा र अन्तर्राष्ट्रिय सीमामा बारामुल्लादेखि भुजसम्म लगभग २६ स्थानमा ड्रोनहरू देखिएका छन्। भारतीय सुरक्षा बलहरूले पाकिस्तानको यी प्रयासहरूलाई सफलतापूर्वक विफल पारेका छन्।

२. भारतीय विमानस्थल प्राधिकरणले देशको उत्तरी र पश्चिमी क्षेत्रका ३२ विमानस्थलबाट १४ मईसम्म उडानहरू अस्थायी रूपमा स्थगित गर्ने घोषणा गरेको छ।

३. अन्तर्राष्ट्रिय मुद्रा कोष-आईएमएफ बोर्ड बैठकको मतदानमा भारतले भाग लिएन।

४. द्विपक्षीय व्यापार र लगानी साझेदारीलाई अभिवृद्धि गर्ने दिशामा भारत-न्यूजील्याण्ड स्वतन्त्र व्यापार सम्झौताको लागि पहिलो चरणको वार्ता नयाँ दिल्लीमा सम्पन्न भयो।

५. भारत र पाकिस्तानबीच बढ्दो सैन्य तनावका कारण नीरज चोपडा क्लासिक २०२५ ज्याभलिन थ्रो प्रतियोगिताको उद्घाटन संस्करण स्थगित गरिएको छ।

**विदेश मन्त्रालयको ब्रिफिङ**

बिहीबार राति, पाकिस्तानले लगभग ४०० ड्रोन प्रयोग गरेर लेहदेखि सर क्रिकसम्मका ३६ ठाउँमा घुसपैठ गर्ने प्रयास गरेको थियो। भारतीय सशस्त्र बलले काइनेटिक र नन-काइनेटिक विधिहरू प्रयोग गरेर यी धेरै ड्रोनहरू खसालेको छ। नयाँ दिल्लीमा आयोजित विशेष ब्रिफिङमा भारतीय सेनाकी कर्णेल सोफिया कुरेशीले पाकिस्तानी सेनाले सैन्य पूर्वाधारलाई लक्षित गर्ने उद्देश्यले पश्चिमी सीमामा धेरै पटक भारतीय हवाई क्षेत्रको उल्लंघन गरेको बताउनु भएको छ ।

**बाइट - सोफिया कुरैशी**

विङ कमाण्डर व्योमिका सिंहले भन्नु भयो, पाकिस्तानी आक्रमणको जवाफमा भारतले सशस्त्र ड्रोनले चार पाकिस्तानी वायु रक्षा स्थानहरूमा आक्रमण गरेको थियो र यी मध्ये एउटा ड्रोनले पाकिस्तानको एडी राडारलाई ध्वस्त पारेको थियो। उहाँले भन्नु भयो, पाकिस्तानले पनि भारी तोपखाना र सशस्त्र ड्रोनहरू प्रयोग गरेर नियन्त्रण रेखामा गोलाबारी गरेको थियो, जसमा केही भारतीय सेनाका कर्मचारीहरू हताहत र घाइते भएका थिए। उहाँले भन्नु भयो, भारतको जवाफी कारबाहीमा पाकिस्तानी सेनाले पनि ठूलो क्षति बेहोर्नु परेको छ।

**बाइट- व्योमिका सिंह**

सो अवसरमा मिडियालाई जानकारी दिँदै विदेश सचिव विक्रम मिश्रीले पाकिस्तानले आक्रमणको अस्वीकार गर्नु उसको दोहोरो मापदण्डको अर्को उदाहरण भएको बताउनु भएको छ। उहाँले गुरुद्वारा, मठ र मन्दिरहरू लगायतका पूजास्थलहरूलाई लक्षित गरी गोलाबारी गरेकोमा पाकिस्तानको आलोचना गर्नु भयो|

**बाइट - विक्रम मिसरी**

**हवाई अड्डा बन्द**

भारतीय विमानस्थल प्राधिकरणले देशको उत्तरी र पश्चिमी क्षेत्रका ३२ विमानस्थलबाट १४ मईसम्म उडानहरू अस्थायी रूपमा स्थगित गर्ने घोषणा गरेको छ। यी विमानस्थलहरूमा अमृतसर, चण्डीगढ, जम्मू, श्रीनगर, भुज, जामनगर, जैसलमेर, पठानकोट

र अन्य समावेश छन्। थप रूपमा, दिल्ली र मुम्बई उडान सूचना क्षेत्रहरू भित्रका हवाई ट्राफिक सेवा (ATS) रुटका २५ खण्डहरू पनि यस अवधिमा बन्द रहनेछन्। अवरोध कम गर्न वैकल्पिक मार्गहरू योजना गर्न एयरलाइन्सहरूलाई सल्लाह दिइएको छ। अस्थायी रूपमा बन्द गर्नु सञ्चालनका कारणले हो र सुरक्षा सुनिश्चित गर्न सम्बन्धित अधिकारीहरूसँगको समन्वयमा व्यवस्थापन गरिनेछ।

**दिल्ली हवाई अड्डा - उडानहरू पुनः सुरु**

दिल्लीको इन्दिरा गान्धी अन्तर्राष्ट्रिय हवाई अड्डामा सामान्य उडानहरू पुनः सुरु भएका छन्। यसैबीच, पाकिस्तानसँगको सैन्य तनावका कारण सुरक्षा व्यवस्था कडा पारिएकोले यात्रीहरूलाई सतर्कता अपनाउन सल्लाह दिइएको छ। हवाई अड्डाको प्राधिकरणले सामाजिक सञ्जाल प्लेटफर्महरूमा घोषणा गरेको छ कि उडानहरू सामान्य भए तापनि, उडान तालिका प्रभावित हुने सम्भावना छ र हवाई क्षेत्रको अवस्था परिवर्तनका कारण सुरक्षा प्रक्रियाहरूमा लामो समय लाग्न सक्छ।

**आईएमएफ -भारत**

अन्तर्राष्ट्रिय मुद्रा कोष-आईएमएफ बोर्ड बैठकको मतदानमा भारतले भाग लिएन। बैठकमा पाकिस्तानको लागि नयाँ आर्थिक प्याकेजको बारेमा छलफल गरियो। पाकिस्तानको विगतको व्यवहारलाई ध्यानमा राख्दै भारतले आईएमएफ कार्यक्रमहरूको प्रभावकारितामा चिन्ता व्यक्त गरेको छ। भारतले सीमापार आतंकवादी गतिविधिहरूलाई समर्थन गर्न पाकिस्तानले ऋणको दुरुपयोग गर्ने सम्भावनामाथि पनि चिन्ता व्यक्त गरेको छ। आइएमएफले हिजो पाकिस्तानको लागि आफ्नो १ अर्ब डलरको विस्तारित ऋण कार्यक्रमको समीक्षा गर्‍यो र पाकिस्तानको लागि एक अरब तीस करोड़ डलरको नयाँ ऋण कार्यक्रममा पनि विचार गर्‍यो। बैठकमा भारतले सीमापार आतंकवादी गतिविधिलाई प्रोत्साहन गर्नुले विश्वलाई गम्भीर सन्देश दिने बताएको छ। पाकिस्तान लामो समयदेखि आईएमएफको ऋणी रहेको छ। भारतले भनेको छ यदि पहिलेका ऋण कार्यक्रमहरूले पाकिस्तानमा बलियो अर्थतन्त्र सिर्जना गरेको भए, पाकिस्तानले अर्को बेल-आउट कार्यक्रमको लागि IMF लाई अनुरोध गर्ने थिएन। भारतको भनाइ र मतदानबाट अनुपस्थितिलाई पनि IMF ले ध्यानमा राख्यो।

**गुजरात तयारी**

भारत र पाकिस्तानबीच बढ्दो तनावलाई ध्यानमा राख्दै गुजरात राज्य सरकारले सीमावर्ती क्षेत्रहरूमा स्वास्थ्य सुविधा, आवश्यक खाद्य वस्तुहरूको पर्याप्त आपूर्ति र मूल्य नियन्त्रण सुनिश्चित गर्न धेरै सावधानीका उपायहरू अपनाउँदैछ। मुख्यमन्त्री भूपेन्द्र पटेलले हिजो राति राज्य आपतकालीन कार्य सञ्चालन केन्द्रमा उच्चस्तरीय बैठक गर्नु भयो र सीमा केन्द्रहरूको अवस्थाको समीक्षा गर्नु भयो।

**विवरण हाम्रो संवाददाताबाट**

**सोनोवाल-समुद्री परियोजनाहरू**

केन्द्रीय बंदरगाह, जहाजरानी र जलमार्ग मन्त्री सर्वानन्द सोनोवालले हिजो मुम्बईमा अधिकारीहरूसँग व्यापक समीक्षा बैठकहरू गर्नुभयो। वर्तमान परिस्थितिलाई ध्यानमा राख्दै, केन्द्रीय मन्त्रीले प्रमुख समुद्री परियोजनाहरूको समीक्षा गर्नुभयो र व्यापार अवस्था सामान्य रहोस् भनेर सुनिश्चित गर्न अधिकारीहरूलाई निर्देशन दिनुभयो। श्री सोनोवालले कार्गो सञ्चालनको सहज र नियमित आवागमन सुनिश्चित गर्न चालिने उपायहरूको पनि समीक्षा गर्नुभयो। एकदिने बैठकमा मन्त्रालय अन्तर्गतका प्रमुख संस्थाहरू, जसमा भारतीय शिपिंग कर्पोरेशन, जवाहरलाल नेहरू पोर्ट अथोरिटी, भारतीय पोर्ट रेल एण्ड रोपवे कर्पोरेशन लिमिटेड, भारतीय पोर्ट ग्लोबल लिमिटेड, शिपिंग महानिर्देशनालय र मुम्बई पोर्ट अथोरिटीले भाग लिएका थिए।

**ज्याभलिन थ्रो प्रतियोगिता स्थगित**

भारत र पाकिस्तानबीच बढ्दो सैन्य तनावका कारण नीरज चोपडा क्लासिक २०२५ ज्याभलिन थ्रो प्रतियोगिताको उद्घाटन संस्करण अर्को सूचना नभएसम्मका लागि स्थगित गरिएको छ। यो प्रतियोगिता २४ मईमा बेंगलुरुको श्री कान्तिरवा स्टेडियममा हुने भएको थियो। नीरज चोपडा क्लासिक २०२५ भारतको पहिलो अन्तर्राष्ट्रिय ज्याभलिन थ्रो प्रतियोगिता हुने भएको थियो। यस

कार्यक्रममा टोकियो ओलम्पिकका स्वर्ण पदक विजेता नीरज चोपडा, थोमस रोहलर, एन्डरसन पिटर्स लगायत धेरै ओलम्पिक पदक विजेताहरूको सहभागिता देखिने थियो।

**भारत-न्यूजील्याण्ड स्वतन्त्र व्यापार सम्झौता**

द्विपक्षीय व्यापार र लगानी साझेदारीलाई अभिवृद्धि गर्ने दिशामा एक प्रमुख कदममा, भारत-न्यूजील्याण्ड स्वतन्त्र व्यापार सम्झौताको लागि पहिलो चरणको वार्ता हिजो नयाँ दिल्लीमा सफलतापूर्वक सम्पन्न भयो। पहिलो चरणको वार्ता दुई साझेदारहरूबीच भर्चुअल छलफलको श्रृंखलापछि भएको थियो जसले प्रत्यक्ष भेटघाटको लागि आधार तयार पारेको वाणिज्य तथा उद्योग मन्त्रालयले जनाएको छ।

****** ० ******